नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २२६

मितिः २०८२/०९/२९

नेपाल संवत् ११४६

**विषयः- हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन अभियान सम्बन्धमा।**

श्री कन्काइ नगरपालिका, झापा गाउँपालिका, बाह्रदशी गाउँपालिका, अर्जुनधारा नगरपालिका, कचनाकवल गाउँपालिका, हल्दिबारी गाउँपालिका (झापा जिल्लाका) ।

श्री हरिपुर्वा नगरपालिका, पर्सा गाउँपालिका, ब्रम्हपुरी गाउँपालिका, चक्रघट्टा गाउँपालिका, बाँसबरिया गाउँपालिका, धनकौल गाउँपालिका, रामनगर गाउँपालिका, बलारा नगरपालिका, गोडैता नगरपालिका, बिष्णु गाउँपालिका, कौडेना गाउँपालिका र मलंगवा नगरपालिका (सर्लाही जिल्लाका)।

श्री गढ़िमाइ नगरपालिका, माधबनारायण नगरपालिका, मौलापुर नगरपालिका, बौधिमाई नगरपालिका, परोहा नगरपालिका, राजपुर नगरपालिका, यमुनामाइ गाउँपालिका, दुर्गाभगवती गाउँपालिका, राजदेवी नगरपालिका, गौर नगरपालिका र इशानाथ नगरपालिका (रौतहट जिल्लाका) ।

श्री नेपालगञ्ज उप-महानगरपालिका, नरैनापुर गाउँपालिका, डुडुवा गाउँपालिका र बैजनाथ गाउँपालिका वडा न.-४ (बाँके जिल्लाका)

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको प.सं. २०८२/०८३ च. नं. ५५ मिति २०८२/०९/२८ को पत्रानुसार सन् २०३० सम्ममा हात्तीपाइले रोगलाई जनस्वास्थ्यको समस्याबाट निवारणको उद्देश्य पुरा गर्न र सम्बन्धित स्थानीय तहहरुमा समुदायस्तरको संक्रमणबाट रोक्न उक्त स्थानीय तहमा बसोबास गर्ने गर्भवती महिला, सात दिन भित्रका सुत्केरी महिला, २ वर्ष उमेर नपुगेका बालबालिका, सिकिस्त बिरामी, छारेरोग, जीवन निर्भर औषधि सेवन गरिरहेका (जस्तैः डाइलासिस गरिरहेका विरामी) बाहेक सबै समाजसेवी, कर्मचारी, स्वास्थ्यकर्मी र आम समुदायको अभियानमा एकैपटक औषधी सेवन गर्नुपर्ने भई अभियानको रुपमा पत्रमा उल्लेखित स्थानीय तहहरुमा आवश्यक समन्वय गरिदिने सम्बन्धी पत्र यसैसाथ संलग्न राखी आवश्यक समन्वय तथा सहजिकरणको लागि आदेशानुसार अनुरोध छ।

**नोटः पत्रमा उल्लेखित स्थानीयतहका जनप्रतिनिधि तथा कर्मचारीहरुले आफूले औषधी सेवन गरी अरुलाई गराउन सहयोग तथा समन्वय गरिदिनु हुन ।**

२०८२/९/२९

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रालय (स्वास्थ्य समन्वय महाशाखा), सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य समन्वय महाशाखा

प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

सिंहदरबार, काठमाडौ

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

पत्र संख्या २०८२/०८३
च. नं ५५

मितिः २०८२/०९/२८
ने.स.११४६/पोहेलागा/दशमी

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

विषयः आवश्यक सहयोग तथा समन्वय सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय हात्तीपाइले निवारण कार्यक्रम अन्तर्गत नेपाल सरकारले रोग प्रभावित जिल्लाहरुमा आम औषधि सेवन अभियान र बिरामी व्यवस्थापन तथा अपांगता रोकथाम गरि दुई मुख्य रणनीतिहरुमा कामकाज गर्दै आइरहेको बेहोरा विदितै छ।

यसै सन्दर्भमा यस आर्थिक बर्ष २०८२/८३ मा हात्तिपाइले रोग बिरुद्धको आम औषधि सेवन अभियान र सो संग सम्वन्धित विभिन्न क्रियाकलापहरु झापा "बि" मुल्यांकन इकाई अन्तर्गतका स्थानीय निकायहरु (कन्काइ नगरपालिका, झापा गाउँपालिका, बाह्रदशी गाउँपालिका, अर्जुनधारा नगरपालिका, कचनाकवल गाउँपालिका, हल्दिबरी गाउँपालिका), सर्लाही "बि" मुल्यांकन इकाई अन्तर्गतका स्थानीय निकायहरु (हरिपुर्वा नगरपालिका, पर्सा गाउँपालिका, ब्रम्हपुरी गाउँपालिका, चक्रघट्टा गाउँपालिका, बाँसबरिया गाउँपालिका, धनकौल गाउँपालिका, रामनगर गाउँपालिका, बलारा नगरपालिका, गोडैता नगरपालिका, बिष्णु गाउँपालिका, कौडेना गाउँपालिका र मलंगवा नगरपालिका), रौतहट "बि" मुल्यांकन इकाई अन्तर्गतका स्थानीय निकायहरु (गढ़िमाइ नगरपालिका, माधबनारयण नगरपालिका, मौलापुर नगरपालिका, बौधिमाई नगरपालिका, परोहा नगरपालिका, राजपुर नगरपालिका, यमुनामाइ गाउँपालिका, दुर्गाभगवती गाउँपालिका, राजदेवी नगरपालिका,गौर नगरपालिका र इशनाथ नगरपालिका), बाँके "बि" मुल्यांकन इकाई अन्तर्गतका स्थानीय निकायहरु (नेपालगञ्ज उप-महानगरपालिका, नारैनापुर गाउँपालिका, डुडुवा गाउँपालिका र बैजनाथ गाउँपालिका वडा न.-४) मा २०८२ माघ ७ देखि संचालन हुने भएको छ ।

सन् २०३० सम्ममा हात्तिपाइले रोगलाइ जनस्वास्थ्यको समस्याबाट निवारणको उदेश्य पुरा गर्न र सम्वन्धित स्थानीय निकायहरुमा समुदायस्तरको संक्रमण रोकन उक्त स्थानीय निकायका बसोबासीहरुः गर्भवति, सात दिन भित्रका सुत्केरी, २ वर्ष उमेर नपुगेका बालबालिका, सिकिस्त बिरामी, छारे रोगी र जीवन निर्भर औषधि सेवन गरिरहेका जस्तैः डाइलाइसिस गराइरहेका बिरामी वाहेक सबै समाजसेवी, कर्मचारी, स्वास्थ्यकर्मी र आम जनसमुदायले अभियानमा एकै पटक औषधि सेवन गर्नुपर्ने भएको हुँदा सम्वन्धित स्थानीय तहका सरोकारवाला, जनप्रतिनिधि तथा कर्मचारीहरुलाई औषधी सेसवन गरी र गराउन आवश्यक क्रियाकलाप सञ्चालनको लागि स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको प.स.२०८२/०८३, च.न. ६७८, मिति २०८२/९/२८ को पत्रमार्फत आवश्यक सहयोग र समन्वयका लागि अनुरोध भई आएकोले पत्राचार गरी सहयोग गरिदिनुहन आदेशानुसार अनुरोध छ ।

पवित्रा ढकाल
शाखा अधिकृत